नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 11 Monthly International Edition of Herald of His Coming November 2018

वर्ष १९, अङ्क ११ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (मंसिर, २०७५)

परमेश्वरमा भरोसा राखेर भविष्यको सामना गर्नुहोस्

Face the Future with Faith in God

By W.C. Moore

Vol 77 No 2 (914)

यी दिनहरू धेरै कुराहरूमा अन्धकारपूर्ण हुँदै गइरहेका छन् । अपराध बढ्दैछ; ठूला-साना धेरै स्थानहरूमा आश्चर्यजनक अनैतिकता र भ्रष्टपना प्रकट भइरहेका छन् । हिंसा झन् बढी खतरनाक हुँदैछ र जवानहरू बढी यस्ता अपराधका संलग्न र सिकार भइरहेका छन् । डरलाग्दो किसिमले घरबारहरू टुटेका छन् । बच्चाहरूमामाथि जन्मनुअघि र पछि दयाहीन रूपमा शोषण बढिरहेका छन् । परमेश्वर विरोधी आत्मा झनै घृणापूर्ण र शक्तिशाली बन्दैछ । धेरै मण्डलीहरूमा सांसारिकता र सम्झौतापरस्तता हावी भएका छन् जहाँ पहिले शक्ति र शुद्धता सुमाचार प्रचार हुने गर्दथ्यो । तपाईंलाई दुःखित तुल्याउने र ध्यान खिच्ने वा चेतावनी दिने अरु कुराहरू पनि तपाईं यसमा थप्न सक्नुहुन्छ ।

एउटा इसाईले के गर्नुपर्छ त ?

"दुष्टता बढेका हुनाले धेरैको प्रेम सेलाएर जानेछ" (मत्ती २४ : १२) । दुष्टता बढ्नेछ र धेरैको प्रेम सेलाएर जानेछ भन्नुको अर्थ हाम्रा परमेश्वरप्रतिको प्रेम सेलाएर जाने धेरैमध्ये हामी पनि एकजना हुनुपर्छ भनिएको होइन । बरु यो हामी परमेश्वरम स्थिर हुन हामी आफैलाई उत्साहित गराउन र गन्तव्यतर्फ जान पहिला कहिल्यै नगरिएको बल गर्न र अवस्थाहरू जतिसुकै अन्धकारपूर्ण देखिए पनि परमेश्वरमा निरन्तर भरोसा गरिराख्न सिधा चुनौती र चेतावनी हो ।

परमेश्वरको वचनमा भनिएको डरलाग्दा समयहरू (२ तिमोथी ३ : १ - १७) पछि हट्न वा कमजोर हुनको लागि भनिएको होइन, बरु पहिल्यै जानकारीको लागि भनिएको हो । हामीले आज भोगिरहेजस्तै आतङ्क, जोखिम र खतराका दिनहरू हाम्रा निम्ति अवसरका दिनहरू हुन् । हामी इसाईहरूलाई हाम्रा वरिपरि भएका भयङ्कर कुराहरूप्रति आफ्नो आँखा बन्द गर्न वा सुतुर्मुर्गले जस्तो हाम्रो टाउको बालुवाम लुकाएर राम्रो हुनेछ भन्ने आशा गर्न वा भयभित हुन र डरलाग्दा अवस्थाहरूबाट भाग्नको निम्नि भनिएको छैन ।

प्रभुले हामीलाई मानिसहरूको बीचमा उहाँको साक्षी बन्न भन्नुभएको छ (प्रेरित १ : ८) । हामी लुक्नका लागि दुलो खोज्नु हुँदैन तर साक्षी दिन सकिने कसैलाई खोज्नुपर्छ । हाम्रो वरिपरि भएका नष्ट भइरहेकाहरूको निम्ति डर, अविश्वास र बेवास्ताको छोप्ने पाथीबाट हामीले हाम्रो ज्योतिलाई बाहिर निकाल्नुपर्छ (मत्ती ५ : १४ - १५) । येशूले भन्नुभयो, "यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामु चम्कोस्, र तिनीहरूले तिमीहरूको सुकर्म देखुन् र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरुन्" (मत्ती ५ : १६) ।

त्यसैले, परमेश्वरको प्रेमको ज्योति, र उहाँले हामीलाई बचाउनुभयो महान् मुक्तिको निश्चयता र हामीले प्रेम र विश्वास गरेको परमेश्वरप्रतिको अटलभक्तिको ज्योति, डराएका र निराश भएका मानिसहरूको अघि चम्कोस् ताकि

तिनीहरू पनि परमेश्वरतर्फ फर्कुन् ।

परमेश्वरको विश्वासयोग्यताप्रति पूर्ण भरोसा

यी अन्धकारपूर्ण समयहरूमा परमेश्वरको विश्वासयोग्यताप्रति पूर्ण भरोसा राखेर सबै समस्याहरूको सामना गर्नुहोस् । जटिल, पहिला कहिल्यै नजातिएको वा नगरिएको, अन्धकार र जोमिखपूर्ण परिस्थिति वा परिस्थितिहरू, हालत, अवस्था, दुःख परमेश्वरको निम्ति गाह्रो कुरा होइन । उहाँले सबैथोक जान्नुहुन्छ । अनि उहाँले हाम्रो वास्ता गर्नुहुन्छ (१ पत्रुस ५ : ७, १ यूहन्ना ३ : २०) । परमेश्वरको लागि कुनै पनि कुरा गर्न गाह्रो भन्ने हुँदैन (यर्मिया ३२ : १७) । परमेश्वरको निम्ति सबै कुरा सम्भव छन् (मत्ती १९ : २६) ।

डर, त्रास र चिन्तामा कठिन परिस्थितिहरू, जटिल अवरोधहरू, सजिलै नहट्ने बाधाहरू, पीडादायी परीक्षाहरू, ठूला आवश्यकताहरू, गह्रौं जिम्मेवारीहरूको सामना गर्नुभन्दा बरु आनन्द गर्नुहोस् । यी सबै कुराहरूभन्दा पनि परमेश्वर अति ठूलो हुनुहुन्छ, उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामीले सधैं उहाँलाई विश्वास गरेको र आज्ञापालन गरेको उहाँ चाहनुहुन्छ । तपाईंलाई डरलाग्ने कुनै पनि सङ्कटभन्दा परमेश्वर महान् हुनुहुन्छ ।

जब हाम्रो मार्गमा असम्भव जिम्मेवारीहरू आइपर्छन् तब आनन्द गर्नुहोस् किनभने यिनै कुराहरूले नै हामीलाई हामी परमेश्वरको सहायताद्वारा मात्र यी कामहरू गर्न सक्छौं जसले परमेश्वरलाई खुसी पार्छ, उहाँलाई महिमित पार्छ र उहाँको इच्छा स्वर्गमा पूरा भएजस्तै पृथ्वीमा पनि पूरा गराउँछ भन्ने कुरा महसुस गराउँछन् ।

परमेश्वरले सुन्न छोड्नुभएको छ वा हामीलाई त्याग्नुभएको छ, उहाँले आफ्नो सामर्थ्य, बुद्धि र शक्तिशालीपना गुमाउनुभएको छ, उहाँ हाम्रो विश्वासयोग्य सृष्टिकर्ता हुनुहुन्छ जसले आफ्नो प्रेमद्वारा आफ्नो एकमात्र पुत्र दिएर हामीलाई उहाँको दया पहिल्यै देखाउनुभएको वा प्रकट गर्नुभएको छ (१ पत्रुस ४ : १२ - १९; रोमी ८ : २६ - ३९) जस्तो गरेर कहिल्यै पनि कठिन र जटिल परिस्थितिहरू मन वा हृदयको डरपूर्ण मनोवृत्तिले सामना गर्नुहोस् ।

कठिन समस्याहरूबाट डराएको जनावरजस्तो दच्किएर भाग्नुभन्दा उत्सुक भएर यी गाह्रा परिस्थितिहरूको सामना गरौं किनभने यसले परमेश्वरको विश्वासयोग्यता र उहाँको अलौकिक शक्ति प्रकट गर्न उहाँलाई अवसर दिन्छ । हल्लेलुयाह ! "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्" (फिलिप्पी ४ : ६) ।

ठीकसँग जिउनुहोस्

अन्त्यसम्मै हामीलाई परमेश्वरको सहायता होस् भन्नको लागि हाम्रो जीवन उहाँको इच्छासँग समानान्तर छ र उहाँको वचनमा अविश्वासद्वारा अरु इसाईहरूको आलोचनाद्वारा, लापरवाहीद्वारा, स्वेच्छाचारिताद्वारा, धोकाधडीद्वारा, अरु मानिसहरूलाई घृणाद्वारा, थाहा भएका जिम्मेवारीहरूको पनि बेवास्ताद्वारा वा बेवास्ता वा सकारात्मक अनाज्ञाकारिताको अरु कुनै पापद्वारा हामीले परमेश्वरलाई दुःखित तुल्याएर हामी पापमा जिइरहेका छैनौं भन्ने कुरामा हामी निश्चित हुनुपर्छ ।

"प्रिय हो, हाम्रो हृदयले हामीलाई दोष दिँदैन भन्ने परमेश्वरको सामुन्ने हामीलाई साहस हुन्छ । अनि हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं, किनभने हामी उहाँका आज्ञापालन गर्छौं, र उहाँलाई मनपर्ने कामहरू गर्छौं" (१ यूहन्ना ३ : २१ - २२)

"नडराउनुहोस्"

हाम्रा महान् प्रभुले हामीलाई सोझै भन्नुहुन्छ, "नडराऊ" (लूका ८ : ५०) । त्यसो भए हामी गम्भीर भएर र पूर्ण हृदयले हाम्रो गुरुको यस आज्ञालाई पालना गरौं । हामीले फोहोर वस्तुलाई घृणा गरेभन्दा पनि बढी डर र अविश्वासलाई घृणा गरौं ।" ... जुन कुरा खराब छ, त्यसलाई घृणा गर । जुन कुरा असल छ, त्यसमा लागिरहो" (रोमी १२ : ९)

"... मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ" (मत्ती ४ : ४) । त्यसकारण परमेश्वरको वचन खानुहोस् । उहाँको वचनमा मनन गर्नुहोस् । हाम्रो शरीरलाई पोषण चाहिएजस्तै हाम्रो आत्मालाई पनि चाहिन्छ भन्ने कुरा महसुस गर्नुहोस् । परमेश्वरको वचन अध्ययन गर्न र मनन गर्नको लागि समय छुट्याउनुहोस्, समय दिनुहोस्, समय प्रयोग गर्नुहोस्, ताकि तपाईंले उहाँको इच्छा बुझ्न सक्नुभएको होस् र उहाँको इच्छा अनुसार गर्न तपाई बलियो हुनुभएको होस् ।

तपाईंले शरीरको निम्ति प्राकृतिक भोजन खाएभन्दा पनि अझ बढी परमेश्वरको वचन खानुहोस् । अखबारले

के भन्छ, वा रेडियोले के भन्छ, वा अरु कोहकी वा कुनै प्राणीले के भन्छ भन्ने कुरामा भन्दा परमेश्वर वचन र परमेश्वरले के भन्नुहुन्छ भन्ने कुरामा ज्यादै बढी अत्यधिक मात्रमा मनन गर्नुहोस् ।

अन्धकारमा पनि परमेश्वरमा भरोसा गर्नुहोस्

अब्राहामले इसहाक जन्मिनको निम्ति वर्षौंसम्म विश्वाससाथ प्रतीक्षा गरे । त्यसैले हाम्रा प्रार्थनाहरूको उत्तर आउन ढिलो हुँदा पनि विश्वास गरिराख्न हामीले सिक्नुपर्छ । अन्धकार विश्वास गर्न हामीले सिक्नुपर्छ । "तिमीहरूमध्ये कसले परमप्रभुको डर मान्छ र उहाँको दासका आज्ञापालन गर्छ ? ज्योतिबिना अन्धकारमा हिँड्नेले परमप्रभुको नाउँमा भरोसा गरोस् र आफ्ना परमेश्वरमा भर परोस्" (यशैया ५० : १०) ।

के एउटा बच्चाले अन्धकारमा पनि उसको अभिभावकहरूप्रति भरोसा गर्न सिक्नुपर्दैन र ? त्यसो हो भने हामीले त झन् कति धेरै भरोसा गर्न सिक्नुपर्छ होला त, जसले हाम्रा पापहरूको पश्चाताप गरेका छौं र येशूको रगतमा धोइएका छौं, जसले पूर्ण र सित्तैको मुक्तिको निम्ति परमेश्वरको पुत्रमा विश्वास गरेका छौं- उहाँको हामीलाई कहिलेकाहीं अन्धकारमा हिँड्न बोलाउँदा पनि हामीले हाम्रो सर्वशक्तिमान स्वर्गीय पितालाई कति भरोसा गर्नुपर्छ होला त !

के दाउद सधैं शिखरमा थिए ? के पावल सधैं कष्ट र पीडाको अवस्थाभन्दा बाहिर थिए ? (२ कोरिन्थी ११ : २३ - ३३; १२ : १ - १०; फिलिप्पी ४ : १३ पढ्नुहोस् ।) उहाँले हामीलाई परीक्षा र जाँचको क्रष्टहरू भएर जान नदिए परमेश्वरप्रतिको हाम्रो प्रेम र हामीप्रतिको उहाँको प्रेमको साँचो गहिराइ हामीले कसरी थाहा पाउने त ? रोमी ८ : २८ को "सबै कुरा" लाई स्मरण गरौं- "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ ।"

हाम्रो आफ्नै हृदयमा एउटा बच्चाको जस्तो सरल भरोसा हुने कति आवश्यक छ जसले परमेश्वरको हृदयलाई खुसी तुल्याउँछ । वर्षौंअघि मैले सोच्ने गर्थें, "भरोसा गर्न एकदम गाह्रो छ, विश्वास गर्न एकदम गाह्रो छ ।" तत्कालै परमेश्वरले मेरो हृदयमा बोल्नुभयो, "विश्वास गर्नको लागि गाह्रो छैन । एउटा बच्चाले पनि विश्वास गर्न सक्छ । विश्वास गर्नको लागि तिमीले सोचिरहनु आवश्यक छैन ।" र यी वर्षहरूमा यो कुरा मेरो लागि उत्साह र सान्त्वना भएका छन् ।

"आफ्ना सारा हृदयको परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर्" (हितोपदेश ३ : ५) । यदि हामी यो वचनलाई पालन गर्छौं र हाम्रो सम्पूर्ण हृदयले परमेश्वरमा भरोसा राख्छौ भने चिन्ता, डर र असन्तुष्टिको लागि हाम्रो हृदयमा कुनै पनि स्थान हुँदैन । हामी हाम्रो आफ्नै समझशक्तिमा पनि भर पर्नु आवश्यक छैन । शङ्का र डरलाई कुनै पनि स्थान नदिनुहोस् । दुष्टको विरोध गर्नुहोस् । उसलाई कुनै पनि स्थान नदिनुहोस् (याकूब ४ : ७ - ८; एफिसी ४ : २७) ।

अस्थिर बादलमा पनि इन्द्रेणी देख्नुहोस्

परमेश्वर आश्चर्यको कर्मका परमेश्वर हुनुहुन्छ । उहाँको चाल हाम्रा चाल होइनन् (यशैया ५५ : ८ - १३) । अब्राहामलाई परमेश्वरले तेरो एउटा छोरो र उत्तराधिकारी हुनेछ भनेर दिनुभएको प्रतिज्ञा निश्चय नै पूरा हुनुपर्ने थियो, तर अब्राहामको शरीर मरेतुल्य भइसकेपछि मात्र जब आश्चर्यकर्महरू गर्ने परमेश्वरका पुत्र प्रभु दुई चोरहरूको बीचमा क्रूसमा चढाइनुभएको थियो र चेलाहरू तितरबितर भएका थिए, के येशूलाई पछ्याउनेहरूको निम्ति सबै दृष्टिकोणबाट त्यो थिएन र ? यद्यपि त्यसपछि पचासौं दिनमा पेन्तीकोसको दिनमा महान् जागृति विष्फोट भएको थियो । यहुदी राष्ट्रमा दण्ड आउनुअघि र केही समयको लागि तिनीहरू रुखबाट काटिएर अन्य जातिहरू कलमी बाँधिनु अघि हजारौं यहुदीहरू बचाइएका थिए ।

कल्वरीमा भएको घटनापछि अहिले पृथ्वीको सबैभन्दा अन्धकारपूर्ण घडीमा हामी जिइरहे पनि परमेश्वरले इस्राएललाई उहाँको कृपामा फेरि बाँध्नुअघि फेरि अर्को शक्तिशाली पेन्तीकोस पठाउनुभएको होस् र अन्य जातिहरूबाट धेरैलाई बचाउनुभएको होस् भनेर परमेश्वरलाई विश्वास गरौं (रोमी ११ : १ - ३२) । त्यसैले हामी परमेश्वरतर्फ फर्कों (दानिएल ९ : ३), र परमेश्वरलाई समात्नको निम्ति आफैलाई उत्साहित पारौं (यशैया ६४ : ७), र परमेश्वर आएर धार्मिकताको वृष्टि नखन्याएसम्म प्रार्थना गरिरहौं (होशे १० : १२), जसै उहाँले प्रतिज्ञा गर्नुभएको छ, सबै मानिसहरूमाथि उहाँको आत्मा खन्याउनु हुन्छ र उहाँको महिमाको निम्ति धेरैलाई बचाउनु हुन्छ (योएल २ : २८ - ३२; याकूब ५ : ७)

बाइबल अध्ययन

"छोराछोरीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ ।"

बाइबल अध्ययनको मुख्य खण्डहरू

"बाबु हो, आफ्ना छोराछोरीलाई रिस नउठाओ तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ ।" (एफिसी ६ : ४)

"बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालिम देऊ, र वृद्धा अवस्थामा ऊ त्यसबाट तर्किएर जाँदैन ।"(हितोपदेश २२ : ६)

यी बाइबलका खण्डहरूबाट छोराछोरीको विषयमा सिक्नेछौं । जुन खीष्टियन परिवारको लागि अति नै अर्थपूर्ण हुनेछ ।

"तिनीहरू हिँड्नु पर्ने बाटोमा तालिम देऊ"

हाम्रा छोराछोरीलाई तिमीहरू हिँड्नुपर्ने बाटोमा कसरी हिँड्नुपर्छ भनेर सिकाउनु पर्दछ । जसले गर्दा उनीहरू संसारको ढाँचामा चल्ने छैनन् । छोराछोरी जन्मदा नै एक प्रकारको प्रतिवाद गर्ने स्वभाव लिएर जन्मेका हुन्छन् र उनीहरूलाई अभिभावकले त्यतैतिर ज्ञान दिइयो भने तिनीहरूले संसारलाई छान्नु अति नै सजिलो हुन्छ ।

कतिपटक आमाहरूले आफ्ना छोराछोरीलाई कुन बाटोमा हिँड्नु पर्ने हो सिकाउन सक्दैनन् । आमाहरूले तिनीहरूलाई कुरा गर्न, हिँड्न, खान, बस्न, नुहाउन सिकाउन सक्छन् तर आमाले आत्मिक कुराहरू सिकाउन गाह्रो पर्न सक्छ । एउटा कुरा सत्य के हो भने आशाहरूले आफ्ना छोराछोरीलाई धेरै कुराहरू सिकाउन सक्छन् जसले गर्दा उनीहरू परमेश्वरको वचनमा गाडिरहन सक्नेछन् । पवित्र हृदय भएकोले छोराछोरीहरूलाई जति सिकाए पनि तिनीहरूलाई सजिलै संसारतिर फर्किजान सजिलो हुन्छ । "बालकको हृदय मूर्खताको बन्धनले जेलिएको हुन्छ ...।" (हितोपदेश २२ : १५) "...छाडा छोडेको छोराले आफ्नी आमाको बेइज्जत गर्दछ ।" (हितोपदेश २९ : १५)

खराब चरित्र निर्माणमा कसैको पनि हात हुँदैन आमाहरूले पनि आफ्ना छोराछोरी खराब हुन् भन्ने चाहना गरेका हुँदैनन् तर "बिउ छर्काउन सजिलो हुँदैन तर झार भने आफै बढ्छ" भन्ने सिद्धान्त यहाँ पनि लागू हुन्छ ।"

त्यसैले बालकहरूलाई उनीहरू हिँड्ने बाटोमा ठिक प्रकारले तालिम दिनु पर्दछ । साना बालकहरूलाई उनकै इच्छा अनुसार छाडिदियो भने आफै असल काम गर्न सक्दैनन्, तिनीहरूलाई आफ्नो शरीर र आत्माको महत्व र यसलाई कसरी सुरक्षित राख्नु पर्ने हो भने थाहै हुँदैन । बालकहरूले जे खाने इच्छा गर्दछन्, त्यही खाओ भनेर स्वतन्त्रता दिनु हुँदैन । तिनीहरूले के पिउँछन् कस्तो पोशाक लगाउँछन्, अभिभावकले हेर्नु पर्दछ किनभने सजिलो काम गर्न जसलाई संसारले मन पराउँछ, तिनीहरू पनि त्यसै गर्न पराउँदछन् । जब उनीहरूको इच्छा विपरीत हामीले सिकाउँछौ, उनीहरू रिसाउँछन् र तर्केर हिँडदछन् ।

आफ्ना छोराछोरीलाई दया र माया गरेर सिकाऊँ, बाबुआमाले आफ्ना छोराछोरीहरूलाई सिकाउँदा दया तथा माया गरेर सिकाउनु पर्छ । उनीहरूसँग रिसाउने स्वभाव हुने भएकाले सिकाउने बाबुआमा पनि रिसाएर दिक्क मानेर सिकाउनु हुँदैन । यसको अर्थ तपाई नरिसाइकन बोल्नै सक्नु हुन्न भन्ने हैन कसले आफ्ना छोरा छोरीलाई नराम्रो होस् भन्ने चाहन्छ र ? सिकाउँदा प्रेम गरेर सिकाउनु पर्छ भन्ने बाइबलीय सिद्धान्त हो । यदि छोराछोरीलाई दया, माया, धैर्यता तथा वास्ता गरेर सिकाउँदा उनीहरू तर्केर गए भने यसको परिणाम यस्तो हुन्छ भनेर चुनौती दिनु पर्दछ । छोरीछोरीको जीवन परिवर्तन भएको तपाई चाहनु हुन्छ भने तपाईले प्रार्थनासहित तिनीहरूलाई सिकाउनु पर्दछ । त्यसो गर्दा परमेश्वरको प्रेम तिनीहरूको हृदयमा घुस्छ । तपाईंका हरेक बोली मित्र पस्नलाई बालकहरूले आफ्नो हृदयको ढोका खोल्नु पर्दछ । सिकाउँदा सबैभन्दा पहिले तिमीहरूको सकारात्मक कुरा के छ भन्नुहोस् र आफ्नो अनुभवबाट पनि सिकाउन सकिन्छ ।

प्रेम सफलताको उत्तम कडी हो । रिस, गाली गराईले बालकहरूलाई निरुत्साह पार्दछ । जब प्रेमको भावनाले तपाईले हेर्नुहुन्छ तिनीहरूले पनि तपाईलाई त्यही भावनाले हेर्दछन् जसरी शाऊलले जोनाथललाई हेर्न गर्दथे । (१ शमूएल २० : ३०) त्यसरी नै नराम्रोसँग बोल्नाले बालमस्तिष्कमा नराम्रो असर पर्दछ ।

तपाईंले छोराछोरीले गल्ती नै गरे भने पनि सम्झाउनुहोस्, कठोर व्यवहार नगर्नुहोस् । तिनीहरू तपाईंसँग धेरै नै डराए भने तिनीहरू तपाईंबाट लुक्नेछन् र अझै बदमासी गर्दै जानेछन् । प्रेरित पावलले यसरी कलस्सीका मानिसहरूलाई सिकाउँछन् । "बाबु हो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ, नम्रता तिनीहरू निराश हुनेछन् ।" (

कलस्सी ३ : २१) कारणै विना छोराछोरीसँग रिसाउनु हुँदैन जसले उनीहरूको विकासमा प्रभाव पार्दछ ।

आफ्ना छोराछोरीलाई परमेश्वरको वचनबाट सिकाउनुहोस्

आफ्ना छोराछोरीलाई बाइबलीय शिक्षामा तालिम दिनुहोस् । तपाईंले आफ्ना छोराछोरीहरूलाई बाइबललाई प्रेम गर्ने त्यत्तिकै बनाउन सक्नुहुन्न तर पवित्रआत्माले उनीहरूको कहिलो हृदयमा परमेश्वरको वचनलाई भित्रै राखिदिनुहुन्छ । उहाँले यो काम गर्नुहुन्छ, तपाईंले होइन, उहाँ काम गर्ने हुनुहुन्छ भने तपाईं माध्यम मात्र हो ।

बाइबल नैतिक शिक्षाहरूले भरिएको पुस्तक हो यसले केबल धार्मिक कुराहरू मात्र सिकाउँदैन । बाइबलको सिद्धान्तले मानिसलाई नैतिकवान् बनाउँछ । त्यसैले बाइबलमा गाडिएर बनेको हरेक मानिस अरु मानिसभन्दा एकदमै फरक हुन्छ । यदि तपाईंले आफ्ना छोरोरीहरूलाई प्रेम गर्नुहुन्छ भने बाइबलले सिकाए अनुसार तिनीहरूलाई तालिम दिनुहोस् । परमेश्वरको वचनमा तिनीहरूलाई राम्रोसँग हुर्काउनुहोस् । मण्डलीका रीति विधिमा होइन । तपाईंका छोराछोरीले बाइबल लगातार पढेका छन् कि छैनन् विचार गर्नुहोस् र कुन खण्डबाट के बुझ्यौ भनेर सोध्नुहोस् । यदि तिनीहरूले ठीक उत्तर दिएनन् भने तपाईंले सहायता गर्नुहोस् । तपाईंको घर पहिलो तालिम केन्द्र हो जहाँ बाइबललाई व्यवहारमा ल्याइन्छ । परिवर्तन ल्याउने त पवित्र आत्मा हुनुहुन्छ, तपाईं होइन । खीष्टमा भएको हाम्रो विश्वास र पवित्र आत्माले हामीलाई परिवर्तन ल्याउनुहुन्छ ।

के तपाईंका छोराछोरीले बाइबल सधैँ पढ्छन् त ? तिनीहरूको दैनिक भोजन बाइबलमा पदहरू हुनुपर्छ । तिनीहरूको शरीरजस्तै आत्मिक जीवन पनि स्वस्थ हुनुपर्छ । पापले कलिलो हृदयमा सजिलै जरा गाड्छ, त्यो भनेको केटाकेटीको हृदय नै हो भन्ने कुरा तपाईंले जान्नुपर्छ ।

तिनीहरूले के पढेका छन् हेर्नुहोस्, तपाईंको सिद्धान्त उनीहरूको लागि कम महत्वको हुन सक्दछ । संसारमा भएका धेरै सिद्धान्तहरू तिनीहरूले बुझ्न सक्दैनन् । कतिपटक बालकहरूले परमेश्वरको वचनलाई तपाईं र मैले जति बुझेका छौं त्यो भन्दा कैयौं गुणा बढ्ता बुझेका हुन सक्छन् । तिनीहरूलाई पाप के हो ? दोष के हो ? भन्नुहोस् र यी कुराहरूबाट छुटकारा पाउन खीष्टको रगत किन आवश्यक छ भन्नुहोस् । तपाईंको आफ्नो व्यक्तिगत अनुभवमा कसरी परमेश्वरको वचनले कामगरेको थियो र छ त्यो कुरा तिनीहरूलाई बताउनुहोस् । सानातिना गल्तीहरू जो बालकहरूले गर्दछन् त्यसलाई ठूलै पहाडजस्तै नबनाउनुहोस् । तिनीहरूलाई डर नदेखाउनुहोस् । कसरी खीष्टले हाम्रा गल्तीको लागि आफूलाई क्रूसमा झुण्ड्याउनुभयो भनी उत्साह दिनु अति नै राम्रो हुन्छ न कि डर देखाउनु । तिनीहरूको दिमाग वचनले भरियोस् । वचनले तिनीहरूको जीवनभरि नै काम गरोस् । तिनीहरूलाई सम्पूर्ण बाइबल दिनुहोस् यो कार्य तिनीहरू सानै छँदा तपाईंले नै गर्नुपर्दछ ।

प्रार्थनाको बानी

बालबालिकाहरूलाई दैनिक प्रार्थना गर्ने बानी बसाल्नुहोस् । प्रार्थना आत्मिक विकासको अति नै महत्वपूर्ण विषय हो । जब परमेश्वरसँग प्रार्थना हुँदा धेरै वातचित हुन्छ त्यसरी नै पानी परेपछि घाँस पलाएजस्तै गरी तपाईंको आत्मिक जीवन नै पलाएर आउँछ जसले तपाईंको आत्मालाई जीवित पार्दछ । तपाईंले एकजना स्वस्थ विश्वासीको जीवन हेर्नुभयो भने उसको प्रार्थनाको जीवन कहिल्यै कमजोर भएको हुँदैन । बलियो र परिपक्व विश्वासीले सधैँ परमेश्वरसाग बातचित गर्दछ । जति हामी माग्छौं त्यति नै हामी पाउँछौं । खीष्टको कामबाट एकजना साँचो विश्वासी सन्तुष्ट हुन्छ ।

प्रार्थना परमेश्वरले हाम्रो हातमा दिनुभएको एउटा महान् इन्जिन हो । समय भएको बेलामा प्रयोग गरिने यो उत्तम हतियार हो । परमेश्वरको अनुग्रह हाम्रो जीवनमा आउने माध्यम भनेको प्रार्थना हो । प्रार्थनाले परमेश्वरसँग भएका आशिषका भण्डारहरूलाई खोल्दछ । प्रेमिलो आमाले आफ्नो बच्चाको रुवाई सुनेर दौडदै भेट्न आएजस्तै परमेश्वरले पनि हाम्रो रोदनलाई सुन्नुहुन्छ र हाम्रो नजिक आउनुहुन्छ ।

बाबुआमाहरू यदि तपाईंले आफ्ना छोराछोरीलाई प्रेम गर्नुहुन्छ भने तिनीहरूलाई प्रार्थना गर्ने बानी बसाल्नुहोस् । तिनीहरूलाई कसरी प्रार्थना गर्ने सिकाउनुहोस्, तिनीहरूलाई धैर्यवान् हुन सिकाउनुहोस्, तिनीहरूले आफैँ परमेश्वरसँग माग्न जान्नुपर्दछ ।

यो कुरा बुझ्नुहोस् प्रार्थना खीष्टियन विश्वासको सुरुवात हो । परमेश्वरले गर्नुभएका हरेक कामको उहाँलाई प्रशंसा गर्न र धन्यवाद दिन सिकाउनुहोस् जसले गर्दा तिनीहरू परमेश्वरबाट टाढा जाँदैनन् ।

बालकहरूको प्रार्थना तपाईंले ध्यानसँग सुन्नुपर्छ र यसरी तिनीहरूको खाँचो के रहेछ त्यो पनि तपाईंले थाहा पाउनु हुनेछ । कुनै कुनै प्रार्थना गर्दै जाँदा उनीहरूले बिर्से वा प्रार्थना गर्न

चाहेनन् भने तिनीहरूलाई अब फेरि प्रार्थना गर्न उत्साह दिनुपर्छ । उत्तर ठीक प्रकारले नपाउँदा बालकहरू रिसाउने र परमेश्वरप्रति नै विश्वासको कमी हुन सक्छ । यतिबेला तपाईंको भूमिका अति नै महत्वपूर्ण हुन्छ । कतिपटक आफ्नै परिवारका सदस्यहरूलाई क्षमा दिन बालकहरूलाई गाह्रो हुन्छ । उदाहरणको लागि बिहान आमाले तिनीहरूलाई कुनै गल्ती नै नगरी गाली गरेकी छन् भने उनीहरूको मन परमेश्वरतिर फर्केर आमालाई क्षमा दिन गाह्रो हुन्छ । कुनै कुरा तपाईंले बच्चालाई ल्याइदिन्छु भन्नुभनएको छ भने ल्याइदिनुपर्छ । बोल्दा तपाईं एकदमै होसियारी हुनुपर्दछ । निश्चित नभईकन कुनै कुरा पनि बालकहरूलाई प्रतिज्ञा गर्नुहुँदैन । स्कुलका साथीहरू तिनीहरूसँग झगडा गरेका छन् भने तपाईंले कुरै नबुझी आफ्नो वा अरुका नानीहरूको निर्णय नगर्नुहोस् । यो यस्तै हो, खराब छ, जस्ता कुराहरू कहिल्यै गर्नुहुँदैन ।

यो कुरा सम्झनुहोस् यदि तपाईंका छोराछोरीले प्रार्थना गरेनन् भने त्यसको सम्पूर्ण दोष तपाईंमा जान्छ । कतिपटक नानीहरू एकपटक सिकाउँदा तुरुन्त सम्झिन्छन् भने कतिपटक तिनीहरूलाई सिकाउनु पर्दछ । अब तपाईंको काम यहाँनेर आउँछ । तपाईं थाक्नु हुँदैन, तिनीहरूले नसिकेसम्म र व्यवहारमा नल्याएसम्म सिकाइरहनुहोस् । तपाईंको घर तालिमकेन्द्र हो जहाँ सम्पूर्ण परिवारको शारीरिक, मानसिक, शैक्षिक, सामाजिक तथा यस्तै अरु अरु कुराहरू सिकाइन्छ । "तपाईं शिक्षक तपाईंको घर तालिम केन्द्र"

("अभिभावकहरूको जिम्मेवारी" शीर्षकमा J.C. Ryle (1816 - 1900) मा लेख्नुभएको लेखलाई अनुवाद गरिएको, उहाँ एक महान् प्रचारक, मण्डलीको अगुवा तथा पिता हुनुहुन्थ्यो ।)

छोराछोरीको लागि प्रार्थना

नम्र प्रार्थनाले छोराछोरीको शिक्षामा सफलता पाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रार्थनामा तपाईंको छोराछोरी ध्यानकेन्द्रित छ त ? छोराछोरीको बौद्धिकता वृद्धि गर्न परिवारमा पनि निर्धक्क हुन्छ । विशेष गरी भर्खरको युवाहरूको परिवारमा छोराछोरीलाई उनीहरूको शिक्षामा बौद्धिकतामा अगाडि बढाउने सीप, दक्षता र क्षमता बढाउन परिवारको विशेष योगदान हुनुपर्छ । यो स्वर्ग अनि पृथ्वी दुवै परमेश्वरको आफ्नै हातको रचना हुन् । परमेश्वर चाहनुहुन्छ हाम्रो सारा हृदय, मन, मस्तिष्कले उहाँमा भरोसा गरुन् । जब हामी असफल हुन्छौं पक्कै पनि नरामाइलो हुन्छ तर परमेश्वरले आफ्नो अनुग्रह र उहाँको शक्तिमा सधैं राख्नुहुन्छ । हामीले हाम्रो सारा हृदय र समझले उहाँमा आशा राख्नु पर्दछ ।

विशेष गरी आमाबुबाले आफ्नो छोराछोरीलाई पवित्रता, विश्वस्तता र फलदायी जीवन जीउन सिकाउनुपर्छ । परमेश्वरको दया जीवनभन्दा श्रेष्ठ छ परमेश्वरले आमाबुबा हुँदै छोराछोरीसम्म । आशिषित तुल्याउँछ । हाम्रो परिवारहरूमा परमेश्वरको दयाको खाँचो छ । त्यसकारण हाम्रो छोराछोरीहरूलाई दिन प्रतिदिन प्रार्थना गर्न सिकाउनु पर्छ । प्रार्थना गरौं जे-जसले सुन्छ र पालन गर्छ तिनीहरूलाई परमेश्वरले आशिष दिन चाहनुहुन्छ अनि आफ्नो व्यक्तिगत प्रार्थनामा पनि सम्झौं । फलदायी र विश्वसनीय परिवारमा परमेश्वरले आफ्नो करार स्थापित गर्नुहुन्छ । अन्त्यमा परमेश्वरले हामी र हाम्रो परिवारमा प्रशस्त आशिष दिनुहुन्छ । उहाँको दयाको लाग उहाँको अगाडि निडरको साथ गएर माग्नु जरुरी छ । हाम्रो पाप अधर्महरू पनि येशूको रगतबिना क्षमा हुन सक्दैन । उहाँले ख्रीष्टमा रहेर हामीलाई क्षमा दिनुहुन्छ । प्रार्थना गरौं हामीलाई येशूले तालिम दिनुभएको होस् । कति व्यक्तिहरूले यसरी येशूलाई बिन्ती गर्छ । "प्रभु अरुलाई जस्तै गरी मलाई पनि प्रशस्त दिनुहोस् मसँग केही पनि छैन ।" तर प्रिया हो परमेश्वरले आफ्नो समयमा हाम्रो परिवारमा आशिष खन्याउनुहुन्छ । जब हामी नम्र हुँदै उहाँको अगाडि गई परिवारको लागि प्रार्थना गर्छौं भने हजाले हाम्रो परिवारमा पवित्रता, विश्वसनीय र आनन्द दिनुहुन्छ ।

Gardiner Spring (1785- 1873)

आमाबुबा नै उदाहरण बन्नु

असल निर्देशन नै मानिसको असल उदाहरण हो । शिक्षकले विद्यार्थीहरूलाई विभिन्न विषयहरूमा सिकाउँदछ तर उनीहरूले ध्यान दिइरहेको हुँदैन यसो गर्दा उनीहरूलाई नै बेफाइदा भइरहेको हुन्छ । विद्यार्थीहरूलाई सिकाउँदाखेरी शिक्षक पनि उदाहरणको जीवन जीउनपर्छ । परमेश्वर हाम्रो असल शिक्षक हुनुहुन्छ । परिवारले आफ्ना छोराछोरीलाई सिकाउन पहिला आफू नै उदाहरणको जीवन जीउनु जरुरी हुन्छ । दिनप्रतिदिन हाम्रो छोराछोरीले परमेश्वरको अनुग्रहको महसुस गर्नुपर्छ ।

पूरा शान्तिमा रहनुहोस्

Stay in Perfect Peace

By Dave Butts

"जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ" (यशैया २६ : ३)

तपाईंहरु कस्तो सोच्नुहुन्छ मलाई थाहा छैन, तर मलाई चाहिँ पूरा शान्ति असम्भव छ जस्तो लाग्छ । हाम्रो आफ्नै सोचहरुको अकर्मण्यतालाई विचार नगरी यस संसारमा हाम्रै वरिपरि भइरहेका घटनाहरुलाई हेर्ने हो भने कसरी शान्ति यस्तो प्रतिज्ञा पूरा हुनसक्छ र भनेर हामीलाई अचम्म लाग्छ । तर यसले हामीलाई निश्चय नै सहयोग गर्छ । जब यो कुरा परमेश्वर आफैँले भन्नुभएको हुन्छ । यस कुराले यो प्रतिज्ञालाई एउटा नयाँ प्रकाशमा ल्याउँछ । यसले हामीलाई पूरा शान्ति भन्नुको अर्थ के हो भनेर बुझ्न पनि सहयोग गर्छ । बाइबलसम्मत भन्नुपर्दा पूर्णताले परिपक्वता वा सम्पूर्णताको एउटा तहलाई जनाउँछ । यस कुराको अर्थ यो हो कि परमेश्वर तपाईंको जीवनमा परिपक्व शान्तिम जिएको चाहनुहुन्छ र तपाईंलाई त्यस शान्तिको स्थानमा राख्नको लागि प्रतिबद्ध हुन उहाँ इच्छुक हुनुहुन्छ ।

"... त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ..." व्यावहारिक तबरमा यसले कसरी काम गर्छ भनेर अगमवक्ता यशैयाले हामीलाई अन्तर्दृष्टि दिन्छन् । पहिलो र सबैभन्दा महत्वपूर्ण पक्षचाहिँ परमेश्वर हुनुहुन्छ । यो प्रतिबद्धताविना यस प्रतिज्ञाले काम गर्दैन । शान्ति परमेश्वरको उपहार हो, हामीले केही गरेर हुने होइन । येशूले शान्ति दिने प्रस्ताव गर्नुभयो जुन शान्ति उहाँबाट आउँथ्यो ।

"जसको मन तपाईंमा अडिएको हुन्छ ..."

हामीलाई पूरा शान्तिमा राख्ने परमेश्वरको प्रतिबद्धता हाम्रो सहभागितावाना पूरा हुँदैन । हामीलाई हाम्रो मनलाई परमेश्वरतिर लगाउनुपर्छ । यसलाई व्यक्त गर्ने सरल तरिका चाहिँ हाम्रा सोचविचारहरु खीष्टमा लगाउनु भनेर नयाँ करारमा दिइएको आज्ञा हो । तपाईं के सोच्दै हुनुहुन्छ ? तपाईंको मन केमा लगाइएको छ ? यदि हाम्रो सोचविचारहरु परमेश्वरबाट विचलित भएका छन् भने शान्तिले भरिएको मन प्राप्त गर्नु असम्भव कुरा हो । उहाँलाई हामीलाई तब पूरा शान्तिमा राख्नुहुन्छ जब हामी हाम्रा सोचविचारहरु उहाँमा लगाउँछौँ जो शान्तिको स्रोत हुनुहुन्छ । बारम्बार हामीलाई हाम्रो हृदयलाई सुरक्षित राख्न, हामीलाई केको बारेमा सोचिरहेका छौँ त्यसमा होशियार हुन आज्ञा दिइएको छ । परमेश्वरको केन्द्रित मनबाट मात्र शान्ति आउँछ ।

"... किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ"

यशैयाको अनुसार, पूरा शान्तिमा हिँड्नुको तेस्रो पक्षचाहिँ भरोशा हो । यो चाहिँ परमेश्वरको स्वभाव र मानिसको कामको संयोग हो । हामी हाम्रो मन उहाँमा लगाउँछौँ किनभने हामीलाई उहाँलाई भरोशा गर्छौँ । हामीलाई उहाँलाई भरोसा गर्छौँ किनभने उहाँ भरोसा गरिन योग्य हुनुहुन्छ भनेर उहाँले हामीलाई देखाइ दिनुभएको छ । उहाँ मात्रै अनन्तको एक, सधैँ विश्वासयोग्य, हामीले सधैँ भरोसा गरिन योग्य हुनुहुन्छ । उहाँ जो हुनुहुन्छ त्यसैकारण हामी उहाँलाई भरोसा गर्छौँ ।

प्रभु येशू, म अति धन्यवादी छु किनकि तपाई शान्तिका परमेश्वर मात्र हुनुहुन्छ, तर त्यो शान्ति तपाईंले मलाई दिन चाहनुहुन्छ । तपाईं वास्तविक रुपमै मलाई शान्तिमा राख्न प्रतिबद्ध हुनुहुन्छ । मैले गर्नुपर्ने काम गर्न मलाई सहायता गर्नुहोस् । मेरो मन तपाईंमाथि राख्न र हरेक परिस्थितिमा तपाईंलाई भरोसा गर्न तपाईंको आत्माद्वारा मलाई सहायता गर्नुहोस् ।

आज तपाईंको मन र सोच विचारहरुलाई शालोम दिनुहुने येशूमा लगाउन निर्णय गर्नुहोस् । बितेका समयहरुलाई सम्झेर उहाँले तपाईंको जीवनमा कति अचम्मलाग्दो रीतिमा कार्य गरेर कसरी उहाँ भरोसायोग्य रहिरहनुभएको छ भन्ने कुरा आफैलाई स्मरण गराउनुहोस् ।

यदि हामीले समयमा नै हाम्रा छोराछोरीहरूलाई परमेश्वरको वचनमा तालिम दिएन भने शैतानले कतिखेर असफल पारुँ भनेर खोजिरहेको हुन्छ । यसकारण तपाईंले आफ्ना छोराछोरीको लाग कति धेरै निरन्तर रूपमा परमेश्वरको वचनमा तालिम दिनुपर्ने रहेछ भनी महसुस गर्नुभयो होला ।

यदि घरमा बुबाले आफ्ना छोराछोरीहरूलाई निर्देशन नदिने, पवित्रतामा जीउन सिकाएन भने हाम्रो परिवार शैतानले असफलतातिर डोऱ्याउँछ । आफ्ना परिवार सफल र आशिषित हुन आमाबुबा पनि उदाहरणको जीवन जीउनु पर्दछ । एउटा परिवार आशिषित र रमाइलो परिवार हुनु ईश्वरीय नियमभित्र पर्दछ ।

एउटा खीष्टियन परिवारमा सर्वोच्च परमेश्वरलाई उचाल्ने उद्देश्य हुनुपर्दछ । परमेवरलाई हर समय महिमा दिने काम र प्रशंसा गर्ने उद्देश्य पनि हुनुपर्दछ । सबै कुराहरू उहाँको उच्च उद्देश्य र अधीनमा हुन्छ ।

"एउटा मानिसले यी सबै कुरा थाहा पाएर बाँच्छ भने ऊ खीष्टियन हो ... र उसको सबै परिवारले पनि थाहा पाउनुपर्छ ।"

D.L. Moody

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com